सघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क
साप्ताहिकको सह-प्रकाशन




■ बर्ष-१७, ▶▶ अंक २४ असोज १४ गते बिहिबार,२०७८, September–30 Thuesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# गाईघाटमा जितीया महोत्सव भव्य

**मुलुकी संवाददाता**
**उदयपुर, असोज १३**

थारु समुदायको महान् चाड जितीयाको अवसरमा सदरमुकाम गाईघाटस्थित थरुहट उदयपुर रंगशालामा जितीया महोत्सव बुधबारदेखि सुरु भएको छ । थारु कल्याणकारीणी सभा उदयपुरको आयोजना र त्रियुगा नगरपालिकाको प्रायोजनमा सुरु महोत्सवमा बाक्लो जनसहभागिता भएको छ।

बुधबारदेखि सुरु आउँदो ३ दिनसम्म चल्ने सांस्कृतिक तथा सांगीतिक महोत्सवमा चर्चित गायक गायिकाहरु अनु चौधरी, नरेश जोगी, अनुजा चौधरी, आरसी चौधरी, रेन चौधरी, विजय चौधरीलगायतको प्रस्तुति रहने कल्याणकारीणी सभाका अध्यक्ष शिवकान्त चौधरीले बताए। त्यस्तै चर्चित रंगकर्मी कलाकार तथा निर्देशक प्रदिपकुमार चौधरीले पनि विशेष प्रस्तुति दिनेछन् ।

थारु पहिचान र परिकारसहितको महोत्सव त्रियुगा नगरपालिकाको सहयोग र बिभिन्न संघसंस्थाको प्रायोजनमा आयोजना गरिएको सभाले जनाएको छ । महोत्सवको उद्घाटन त्रियुगा नगरप्रमुख तथा नेकपा (एकीकृत समाजबादी)का पोलिटव्युरो सदस्य बलदेव चौधरीले गरे । उपप्रमुख देवीकुमारी चौधरी, १३ नं. वडाध्यक्ष पशुपति चौधरीलगायत जनप्रतिनिधिको सहभागिता रहेको महोत्सवको अवसरमा बुधबार राति अवेरसम्म चर्चित गायकगायिकाले आफ्नो प्रस्तुति दिएका थिए । आजभोली भने थारु सामुदाय भन्दा अन्य समुदायहरुले पनि यो चाँड मनाउने गरेको र व्रत वसेर आफ्नो सन्तानको दिर्घ आयुको कामना गर्ने गरेका यस समुदायहरु बताउँछन् ।गाईघाट स्थित थारुहट रंगशालामा बिभिन्न सांस्कृतिक कार्यक्रम सहित महोत्सव भव्य मनाइएको छ । नेपालका थारु समुदायका राष्ट्रिय तथा अन्तराष्ट्रिय कलकारहरुको बेजोड प्रस्तुतीमा महोत्सव मनाईएको आयोजकले जनाए ।

महोत्सवमा सांस्कृतिक कार्यक्रम अन्तर्गत जिल्ला स्तरीय नृत्य प्रतियोगिता पनि गरिएको छ ।महोत्सव कार्यक्रमले थारुहरुको भाषा, धर्म, पहिचान र संस्कार संस्कृति बारे दबाव मुलक आवाज उठाउँदै सरकारलाई थारु भाषालाई स्थानीय भाषाको रुपमा प्रयोगमा ल्याउन दवाव समेत दिने आयोजक *- बाँकी ४ पेजमा*




उदयपुर सदरमुकाम गाईघाटमा थारु महोत्सबको उद्घाटन गर्दै एक नम्बर प्रदेश सांसद सुनिता चौधरी, त्रियुगा गरपालिकाका मेयर बलदेब चौधरी, त्रिनपा १३ का वडाध्यक्ष पशुपति चौधरी ।

तस्बिर-मुलुकी

# कर छलीका अबैध समान बरामद

**मुलुकी संवाददाता**
**उदयपर, असोज १३**

उदयपुरमा राजश्व छली गरेर ल्याउँदै गरेको सामान प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्रियुगा नगरपालिका वडा नं. ६ लालपत्तामा बुधबार बिहान १० बजे काठमाण्डौंबाट गाईघाट तर्फ आउँदै गरेको बा २० च १३९ नम्बरको पिकअपलाई चेकजाँच गर्दा कुनै पनि बिल बिजक नभएको फलामबाट निर्मित डेकोर ेसनको सामान करिब रु.१,८७,५०० बराबरको सामान प्रहरीले बरामद गरेको हो ।



अनुसन्धान पश्चात कारवाहीको लागि करदाता सेवा कार्यालय पठाईएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ









**सम्पादकीय...**

## कर्मचारी, जनप्रतिनिधि निति नियममा रहेर काम गर ।

पत्रकार र संचार माध्ययमले बारामबार भन्दै आएको, लेख्दै आएको कुरा हो निति नियममा बसेर काम गर। हो पत्रकारले सधै सत्य, निष्पक्ष को पक्षमा लेखिनुपर्दछ। बर्षौ बितिसकेको बिषय अहिले उदयपुरमा उठान भएर अख्तियारले मुद्धा चलाएको कुरा आएको छ। जहाँ सम्म केहि न केही गल्ती नभई यसरी मुद्धा चलाइएन होला ।

गाउँ बिकास समिति हुँदाको बृद्धा भत्ताको कुरा आउनुमा कर्मचारी नै दोषि हुनुपर्दछ। उदयपुरको बेलका नगरपालिकाको रामपुर जो तत्कालिन रामपुर गाबिस थिए। त्यस ताका भएको सामाजिक सुरक्षा भत्तामा भएको बदमासी अहिले आएर यसरी पोल खुलेर समस्या होला भनेर कसैले सोचेका थिएनन् होला। घटनामा जुन - जुन ब्याक्ति आरोपितको नाम आएको छ ति ब्याक्तिहरुले केही न केही बद्मासी गल्ती, भुलबस या जानीनजानी भएकै हुनुपर्दछ। अहिले घटनामा संलग्न जुन जुन ब्याक्तिको नाम उल्लेख भएका छन् ति ब्याक्तिहरु केहि सेवानिबृत भए भने केही सेवामा नै छन्। ति ब्याक्तिहरुले त्यसरी बद्मासी गरेकै हुन या होइनन् त्यो छानबिनले देखाउँछ। यदि गरेकै हो भने चाहि ति ब्याक्तिहरुले त्यस बद्मासीबाट कमाएका सम्पतिले घरको तला थपी सके र अहिले आरामले बिश्राम गर्ने गरेका छन्। सत्य जहिले नि सत्य नै हुन्छ। ढिलो या चाँडो मात्र हो सत्य सत्यनै साबित हुन्छ। जुन अहिलेको उदयपुरको गाबिस सचिब हुँदा गरेको गलत परिणामको घटनाले देखाएको छ।

अहिले आरोपित कर्मचारीहरुको नाम अब छानबिनमा पर्नेछ र दोषि उपर कारबाही हुनेछ। जसले त्यस्ता गलत काम गरे ति काम गर्ने ब्याक्तिहरु अहिले पनि त्यस्ता कर्तुत गर्न भने नछाडेका हुन सक्छ। त्यसैले सबै कर्मचारी, जनप्रतिनिधिहरु निति नियममा बसेर काम कारबाही गर्ने गरौ। जानीनजानी गर्ने गरेका गलत काम यसरी नै बर्षौ पछि पनि सत्य साबित नै भएर आउँछ। त्यसैले सबैले सहि काम नितिसम्बद्ध गरौ।

# उदयपुरका साहसहित सुचनाको हकका ५ अभियन्तालाई सम्मान

मुलुकी संवाददाता
उदयपुर, असोज १३

उदयपुरका अजयकुमार साहसहित सूचनाको हकका अभियन्ताहरु सम्मानित भएका छन्।

राष्ट्रिय सूचना अयोगले सूचनाको हकको प्रबर्द्धन गर्न समाजमा योगदान गरेको भन्दै साहसहित देशभरका ५ अभियन्तालाई सम्मान गरेको हो। अघिल्लो दिन काठमाडौंमा आयोजित सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा उनीहरुलाई पुरस्कृत तथा सम्मान गरेको छ। अभियन्ताहरु उदयपुरबाट साह, बाराबाट डा. मुन्नाकुमार मिश्र, धनुषाबाट शैलेन्द्रकुमार महतो, झापाबाट ईश्वरा तिवारी र पर्साबाट रामपुकार रौनियार सम्मानित भएका हुन्। गत जेठ २२गते आयोग स्थापना दिवसको अवसरमा घोषित बिनय कसजु उत्कृष्ट राष्ट्रिय अभियन्ता पुरस्कारबाट उनीहरुलाई सम्मान गरिएको हो।



कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले अभियन्ताहरुलाई सो दोसल्ला ओढाउँदै पुरस्कार र सम्मान गरे। सो अवसरमा आयोजित दीगो विकास लक्ष्यः सूचनामा पहुँच (१६:१०:२) को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय विचार गोष्ठीमा बोल्दै तिमिल्सिनाले राज्यका हरेक निकायलाई सूचनाको हक प्रदान गर्ने सन्दर्भमा कहीँकतै कमजोरी भए त्यसलाई सच्याउन सुझाव दिए। सूचनाको हक कार्यान्वयनको विषय लोकतन्त्र र सुशासनसँग जोडिएकाले लिने र दिने दुवै पक्ष जागरुक हुन आवश्यक रहेको पनि उनको भनाई थियो।

राज्यबाट सम्पादन हुने हरेक काम कारबाहीलाई पारदर्शी तुल्याउन जनता र सबै तहका सरकार सचेत हुनुपर्ने भन्दै उनले भ्रष्टाचार न्यूनिकरण, सुशासन कायम र लोकतन्त्रलाई सुदृढ तुल्याउन सूचनाको हक कार्यान्वयनले ठूलो योगदान पुग्ने बताए। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलले जनताले सही सूचना प्राप्त गर्न नसकेमा राज्यद्वारा प्रदान गरिने सेवासुविधा दुरुपयोग हुनसक्ने भन्दै सचेत गराए।

सूचनाको हक सुशासनका लागि चाहिने आवश्यक तत्व भएको भन्दै पौडेलले राज्यको स्रोतसाधनको सदुपयोग भए/नभएको विषय जनताले सूचनाको हक कार्यान्वयनबाट मात्र थाहा पाउने भएकाले यसलाई ठोस रुपमा कार्यान्वयन गर्नु अवाश्यक रहेकोमा जोड दिए। राष्ट्रिय सूचना आयोगका अध्यक्ष महेन्द्रमान गुरुङले मुलुकमा सुशासन कायम गर्न, भ्रष्टाचार घटाउन र नागरिकलाई बलियो बनाउन राज्यका सबै निकायले जनतालाई सूचना प्रवाह गर्न कन्जुस्याइँ नगर यसो हुनुमा सूचनाको हकको कार्यान्वयन पक्ष सवल हुँदै गएको बताए। सूचनाको हक कार्यान्वयनले राज्यलाई जिम्मेवार र उत्तरदायी बनाउनेमा पनि उनको विश्वास थियो।

## गाईघाटदेखि अन्य ठाउ जाने बसहरुको गाडी भाडा दर






| | | | |
|---|---|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ | गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट-लहान | १००.९५ | गाईघाट -नाराणघाट | ७४०.४२ |
| गाईघाट-रुपनी | १५९.८६ | गाईघाट- काठमाण्डौं | ११३९.७ |
| गाईघाट-राजबबीराज | १८५.०९ | गाईघाट - पोखरा | १०९०.२१ |
| गाईघाट-ईटहरी | ३३७.९२ | गाईघाट-जलजलेचुहाडे | ४४.८० |
| गाईघाट-धरान | ३७१.२० | गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-बीराटनगर | ३८२।७२ | गाईघाट-होक्से | ७६.८० |
| गाईघाट-बीर्तामोड | ५३८.४८ | गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-काकडभीठा | ५५६.८० | गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट-मींचैया | १६८.२७ | गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-कटारी | २५२.४० | गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट-ढल्केवर | २६०.८३ | गाईघाट -फर्से | १६६.४० |
| गाईघाट-जनकपुर | ३०१.३१ | गाईघाट -देउराली | १७९.२० |
| गाईघाट-चन्द्रनीगाहपुर | ९५.४४ | गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट-पथलैया | ५०४.८२ | गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट-बीरगन्ज | ५८०.१० | गाईघाट- जाँते | ७६८.०० |


# श्री पंचकन्या आधारभुत बिद्यालय

उदयपुरगढी गाउँपालिका ८ खोल्मे, उदयपुर

## शिक्षक आबश्यकता

यस श्री पंचकन्या आधारभुत बिद्यालय उदयपुरगढी ८ खोल्मेलाई च.न. १८ र १३७ को प्राप्त पत्र अनुसार प्राथामिक तह तृतिय श्रेणीको अस्थायी करार शिक्षक दरबन्दीमा इच्छुक महानुभावहरुबाट दरखास्त आव्हान गरिन्छ।

तपशिल

१. **पद सङ्ख्या** - १
२. **तह** - प्राथामिक तह तृतिय अस्थायी करार
३. **योग्यता** - आइएड सो सरह (IED)
४. **उमेर** - १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
५. **दरखास्त दस्तुर** - १००५ मात्र।

**आबश्यक कागजातहरु** - १.शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी २ थान। २. नेपाली नागरिकताको प्रतिलिपि २ थान। ३. अध्यापन अनुमती पत्रको प्रतिलिपी २ थान।

**परिक्षाको किसिम** - लिखित, मौखिक र आबश्यक परेमा प्रयोगात्मक समेत

**सेवा, सुबिधा** - नेपाल सरकारले तोके बमोजिम

**दरखास्त दिने अन्तिम** - मिति २०७८।०६।०६ देखि २०७८।०६।२० गते २० बजेदेखि ४ बजेसम्म।

**परिक्षाको मिति** - सम्पर्क मितिमा तोकिनेछ।

**सम्पर्क ब्यात्ति** - धुबराज श्रेष्ठ ९८४२५६७८५२

नोट प्रक्रिया नपुगेका कागजातहरुको कारबाही अगाडी बढाईने छैन। तथा परिक्षार्थीलाई परिक्षामा समाबेश गरिने छैन।

**मिना श्रेष्ठ**
**प्रधानध्यापक**

## दर्शकले...

मध्यान्तरको समयमा दर्शकले मैदान छोड्न नपाउने शर्त पनि राखेको छ। प्रतियोतिाको सबै खेल माल्दिभ्सको राजधानी मालेस्थीत राष्ट्रिय फुटबल रंगशालामा हुनेछ । यस रंगशालाको क्षमता करिब १२ हजार रहेको छ । यसपटकको साफलाई प्रायोजकको कारणले ओरेडे साफ पनि भन्न सकिन्छ। यसपटकको प्रायोजक ओरेडे माल्दिभ्सको एक मोबाइल फोन अपरेटर अर्थात टेलिकम्युनिकेसन सञ्चार सेवा हो । खासमा माल्दिभ्सले यसपटक आयोजन गर्न लागेको साफ च्याम्पियनसिप १३ औँ संस्करणको हो ।

माल्दिभ्सले यसअघि २००८ मा छिमेकी राष्ट्र श्रीलंकासँग मिलेर संयुक्तरुपमा सातौँ संस्करणको आयोजना गरेको थियो । त्यतिबेला फाइनलमा भारतलाई १-० ले पराजित गर्दै माल्दिभ्सले उपाधि घरमै राखेको थियो । यो नै माल्दिभ्सको पहिलो साफ उपाधि थियो । त्यसपछि २०१८ को गत संस्करणमो फाइनलमा पनि भारतलाई नै २-१ ले पराजित गर्दै माल्दिभ्सले दोस्रोपटक उपाधि जितेको थियो । यस अर्थमा माल्दिभ्स गत संस्करणको विजेता अर्थात डिफेन्डिङ च्याम्पियन हो ।

साफमा भारतपछि माल्दिभ्स नै सबैभन्दा सफल टोली हो । माल्दिभ्सको तीनपटक उपविजेता भएको इतिहाँस छ। बंगलादेशमा गत संस्करणको प्रतियोगिता समापन भएपछि १३ औँ संस्करण पाकिस्तानमा गराउने निर्णय भएको थियो । तर कोरोनाको प्रभावले पटकपटक मिति सरेपछि र त्यसमाथि फुटबलमा राजनैतिक हस्तक्षेप भएको भन्दै फिफाले पाकिस्तानलाई प्रतिबन्ध लाएपछि बंगलादेशमै प्रतियोगिता गर्ने सहमति भएको थियो । तरपछि विभिन्न कारण देखाउँदै बंगलादेशले आयोजकबाट हात झिकेको थियो ।

कोरोनाको बढ्दो प्रभाव, कोरोनाको बीच आयोजनास्थलको कमि र प्रायोजकको कमिले प्रतियोगिता आयोजना गर्न नसक्ने भन्दै बंगलादेश पछि हटेको थियो । त्यसपछि दक्षिण एशियाली फुटबल महासंघले नेपालप्रति इच्छा देखाएको थियो । नेपालले पनि आवश्यक प्रकृयाको लागि कागजात पेश गरेको थियो । अखिल नेपाल फुटबल संघ एन्फालाई केपी ओली सरकारको पालामा सहयोग गर्ने भनिएको र पछि शेरबहादुर देउवाको सरकारले आधा रकम पाँच करोड दिन राजी भएको थियो । तर भारत र माल्दिभ्सले साफ आयोजनामा रुची देखाएपछि सबैको सहमतिमा अन्तिममा माल्दिभ्सलाई आयोजनाको जिम्मा दिइएको थियो ।

शुक्रबारबाट सुरु भएर साफ यहि अक्टोबर १६ सम्म चल्नेछ । उद्घाटन दिनको उद्घाटन खेलमै माल्दिभ्सले नेपालको सामना गर्दैछ । फिफा प्रतिबन्धले पाकिस्तान र कोरोना महामारिबीच खेलाडीलाई बाहिर नपठाउने नियमका कारण भुटानबाहेक भारत, बंगलादेश, नेपाल, माल्दिभ्स र श्रीलंका गरि पाँच टोलीले राउण्ड रोबिन आधारमा प्रतिस्पर्धा गर्ने भएका छन् ।

## उदयपुर...

र यसो हुनुमा सूचनाको हकको कार्यान्वयन पक्ष सवल हुँदै गएको बताए । सूचनाको हक कार्यान्वयनले राज्यलाई जिम्मेवार र उत्तरदायी बनाउनेमा पनि उनको विश्वास थियो ।

त्यसैगरी सञ्चार तथा सूचना प्रविधि सचिव डा. बैकुण्ठ अर्यालले सूचनाको हक सम्पूर्ण रुपमा स्थापित गराउन आयोगले अझ बढी घनिभूत छलफल र क्रियाशीलता देखाउनसक्नुपर्नेमा जोडदिए । सूचनाको हकलाई कार्यान्वयन गर्न र प्रत्येक सूचना सरोकालवालासँग छिटोछरितो र सरल ढङ्गबाट जनसमक्ष पुर्याउन मन्त्रालयले गृहकार्य गरिरहेको जानकारी पनि उनले दिए ।

नेपाल पत्रकार महासङ्घका अधयक्ष विपुल पोखेलले लोकतन्त्रसँग अन्योन्याश्रित सम्बन्ध रहेको सूचनाको हकको कार्यान्वयन गर्ने सन्दर्भमा सूचना लिने र दिने संस्कृतिलाई व्यवस्थित तुल्याउन आवश्यक रहेको बताए । सूचना आदानप्रदान गर्नाले पारदर्शी समाज निर्माण गर्ने भन्दै उनले पारदर्शी समाजले मात्र लोकतन्त्रलाई बलियो बनाउन सक्ने भएकाले लोकतन्त्रलाई बलियो बनाउने आयामसँग यसलाई जोड्न आग्रह गरे । आयोगका सचिव भगिरथ पाण्डेले सबै जनतामा सूचनाको पहुँच विस्तार गर्ने सिलसिलामा आयोगद्वारा भईरहेका प्रयासबारे जानकारी दिएका िथए ।

कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन गर्ने सूचना अधिकारी दयाराम तिवारी (मुस्लिम आयोग), सुरजकुमार भुजेल (थाहा नगरपालिका), राजेश चौधरी (जिल्ला हुलाक कार्यालय ताप्लेजुङ) र सरोज खतिवडा जिल्ला हुलाक कार्यालय खोटाङलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो ।







xflb{s>4f~hnL

जन्म - बि.स. १९९० साउन



निधन - बि.स. २०७८ भदौ ११ गते

स्वर्गिय - ललित बहादुर राई

नेपाली काङ्ग्रेस उदयपुरका नेता महेन्द्र राई र मेरा गुरु किशान सिङ राइको बुबा ललित बहादुर चामलिङ पित्रुङ्छा राइको खोटाङ जिल्ला तत्कालिन चुइचुम्मा गाबिस नाराङ्गा हाल दिपरुङ चुइचुम्मा गाउपालिक वडा नम्बर ५ नाराङगामा बि.स. १९९० साउनमा जन्म भइ २०७८ साल भदौ महिनाको ११ गते ८८ बर्षको उमेरमा खोटाङ जन्मथलो चुइचुम्मा नाराङगामा नै असामायिक दुखद निधन प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

बुद्धि कुमार राई
सम्पादक
मुलुकी दैनिक परिवार



यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ । साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ । समपर्क - ९८५११११०१६८/९८०७७७४२१०, गाईघाट पेट्रोल पम्प दक्षिणपटी



# दर्शकले रंगशालामा हेर्न पाउने

बिबेक राई
उदयपुर, असोज १३

दक्षिण एशियाली राष्ट्रहरुले खेल्ने फुटबलको सबैभन्दा ठुलो प्रतियोगिता साफ च्याम्पियनसिप यहि शुक्रबारबाट माल्दिभ्समा सुरु हुँदैछ ।

कोरोना महामारीबीच दर्शकलाई रंगशाला प्रवेश दिने वा नदिने अन्योल थियो । तर आयोजकले दर्शकलाई केहि शर्त राख्दै रंगशालामा प्रवेश गर्न पाउने अनुमति दिएको छ । रंगशालामा गएर प्रत्यक्ष खेल हेर्न पाउने भएपछि स्थानीय फुटबलप्रेमी दर्शकहरु यस खबरले खुशि भएका छन् । आयोजकले पनि बुधबारबाट नै टिकट बिक्रि खुल्ला गरेको छ । आयोजक माल्दिभ्स एफएले टिकटको मूल्य पनि तोकिदिएको छ जसअनुसार साधारणतर्फ ७५ र कुर्सी भएको सिटतर्फ १०० माल्दिभियन रुफिया निर्धारण गरिएको छ ।

तर एक व्यक्तिले बढिमा पाँचवटा टिकटमात्र खरिद गर्नुपाउने छ। आयोजकले तोकेको शर्तअनुसार रंगशाला आउने हरेक दर्शकले कोरोनाविरुद्ध दुवै डोजको खोप लगाएको प्रमाणपत्र अनि आफ्नो परिचयपत्र ल्याउनुपर्नेछ । त्यसबाहेक *बाकि ३ पेजमा-*



सिराहा जिल्लाको लहान नगरपालिका वडा न.-१५ बिरनगर मा बुधबार आयोजित प्रथम बजरङ्गी भेट्रान फुटबल प्रतियोगितामा त्रियुगा नगरपालिका गाइघाटले बन्दिपुरनगरपालिकालाइ १-० ले पराजित गरि गाइघाट सेमिफाइनलमा प्रवेश गरेको छ । त्रियुगा नगरपालिका जर्सी न.-११ का खेलाडी एचके किराँतीले १ गोल गरि टिमलाई बिजयी बनाएका थिए । खेलको म्याम अफ दि म्याच त्रियुगा नगरपालिका जर्सी न. ७ का खेलाडी रुपेश मगर भएका थिए । तस्बिर - मुलुकी



खेलका गोलकर्ता गाइघाटका एचके किरात ।

# नमुना बोर्डिङ दोस्रो

मुलुकी संवाददाता
गाईघाट, असोज १३

सुरछित अर्भपतनको अधिकार मौलिक हक सुनिश्चितताको आधार भन्ने मुल नाराका साथ त्रियुगा नगरपालिकाको सम्वनयमा सम्पन्न हाजिरी जबाफ प्रतियोगिता मङ्गलबार सम्पन्न भएको छ ।

त्रियुगा नगरपालिका १० बोक्से स्थित बालमन्दिर उच्चमाबिमा हुरेन्डेको को सहयोगमा सम्पन्न प्रतियोगितामा गाइघाट मोडेल उच्चमाबी प्रथम, नमुना उच्च माबि शिबालय टोल हाइघाट दोस्रो र प्याराडाइज सान्तन्वना भएका थिए। प्रजनन स्वास्थ्य समन्धि भएको अन्तरमाध्यमिक हाजिर जबाफ प्रतियोगितामा नमुना बोडिङ गाइघाटका कक्षा १२ मा कानुन बिषयमा अध्ययनरत छात्रा सबनम खातुन र कक्षा ११ मा अध्ययनरत शिबराम कार्कीको टिम दोस्रो भएका थिए । बिजयी छात्राछात्रहरुलाई कार्यक्रमका प्रमुख अतिथी त्रियुगा नगर शिक्षा इकाइका प्रमुख अतिथि एक बहाददुर राउत, त्रियुगा साना सहरि खानेपानी आयोजनाका कार्यबाहक अध्यक्ष तथा नमुना स्कुलका संचालक ओम खड्का, बालमन्दिर माबिका प्रधानध्यापक जङ्ग बहादुर खड्का लगायतले बिजयी बिद्यार्थीहरुलाइ पुरस्कार बितरण गरेका थिए ।



## गाईघाट ...

समितिले जनाएको छ ।पछिल्लो समय आदिवासी जनजाति भित्रको प्रमुख जातिको रुपमा रहेको थारु जातिहरुको भाषालाई सरकारले चासो नदिएको र थारु भाषालाई स्थानीय भाषाको रुपमा मान्यता दिन दवाव दिँदै महोत्सव आयोजना गरिएको थारु कल्याणकारीसभा त्रियुगा नगर कमिटिका अध्यक्ष बेचुदास चौधरीले बताए ।

कार्यक्रमको उद्घाटन थारु कल्याणकारीणीसभा उदयपुरका संरक्षक, थारु हकअधिकारको लागि अग्रणीभुमिका निर्वाहका अगुवा तथा त्रियुगा नगरपालिकाको मयेर बलदेव चौधरीले गरेका थिए ।




















माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट